# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

मितिः २०७८/०६/१९

पत्र संख्या :- २०७८/७९
च.नं. :-

**रत्ननगर नगरकार्यपालिकाको कार्यालयको गोबर मलमा साझेदारी कार्यक्रम सम्बन्धी सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०६/१९**

प्रस्तुत विषयमा रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको चालु आ.ब. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम रत्ननगर नगरपालिका (ब.उप.शि.नं. ८०३३१४०४१०१) अर्न्तगत गोबर मलमा साझेदारी कार्यक्रम (सि.नं. १०४, खर्च शि.नं. ३११३१) विनियोजित बजेट रु. ५०,००,००/-(अक्षरुपी रु. पचास लाख मात्र) बाट (५०%) पचास प्रतिशत अनुदानमा **गोबर मल** वितरण हुने हुदा ईच्छुक कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०७८/०७/०८ गते भित्र) तोकिएको ढाँचा अनुसार निवेदन दिनुहुन व्यहोरा अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. कार्यालयवाट उपलब्ध गराएको ढाचाँमा निवेदन,
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि,
५. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
७. रु २०/- निवेदन दस्तुर वापतको राजश्व दाखिलाको भौचरको प्रतिलिपि,
८. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## गोबर मलमा साझेदारी कार्यक्रमका लागि दिईने आवेदन-पत्रको ढाँचा

मितिः ..................................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवन ।
मार्फत,
श्री कृषि विकास शाखा, रत्ननगर नगरपालिका, रत्ननगर, चितवन ।

विषय : **गोबर मल साझेदारी कार्यक्रममा सहभागी गराईदिने वारे ।**

महोदय,

प्रस्तुत विषयमा रत्ननगर नगरपालिकाको कार्यालयबाट मिति २०७८।०६।१८ गते प्रकाशित सूचना बमोजिम गोबर मलमा साझेदारी कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौं/छु। मैले /हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।
स्वघोषण: यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालय बाहेक अन्य संघ संस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु/छौ ।

| सि. नं. | जम्मा क्षेत्रफल (कट्ठा) | जम्मा खेती गरिएको क्षेत्रफल (कट्ठा) | आवश्यक गोबर मल (टेलर) | गोबरको किसिम काचो/पाकेको | प्रयोग गरिने बालीबस्तु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**तपशिल**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि (व्यवसाय/संस्थाको हकमा),
३. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि (व्यवसाय/संस्थाको हकमा),
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि (व्यवसाय/संस्थाको हकमा),
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
६. चालु आ.ब.२०७८।७९ को एकीकृत सम्पत्ती कर दाखिला भौचरको प्रतिलिपि,
७. रु २०/- निवेदन दस्तुर वापतको राजश्व दाखिलाको भौचरको प्रतिलिपि,
८. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

निवेदकको नाम :...................................

संस्थाको नाम : ..........................................................................पद : .........................................

दस्तखत :.............................................

ठेगाना : ............................................ फोन नं.: ............................................

संस्थाको छाप :